**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार**
**उच्चायुक्तको कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति – २०६४ भदौ ३१**

---

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा कपिलवस्तु, रुपन्देहीमा भएका हत्याको भर्त्सना, शान्त रहन आग्रह

उच्चायुक्तको कार्यालय-नेपाल कपिलवस्तु तथा रुपन्देही जिल्लामा आइतबार भएको एक स्थानीय नेता तथा सशस्त्र प्रहरी बलका एक सदस्यको हत्याको भर्त्सना गर्दछ र मानिसहरूलाई सहिष्णुता प्रदर्शन गर्न तथा थप हिंसामा नलाग्न आग्रह गर्दछ।

कपिलवस्तुमा मोहित खानको मृत्युबाट उत्पन्न हिंसाको लहरमा निज प्रहरी अधिकारी मारिएका थिए। त्यहाँ अरू हत्याका अपुष्ट समाचारहरू छन्। हिंसामा पसलहरूमाथि आक्रमण तथा दर्जनौं गाडी र निजी घरहरू जलाउने घटनाहरू पनि भएका थिए। कम्तीमा एउटा मस्जिद पनि जलाएर ध्वस्त पारिएको थियो र त्यस क्षेत्रमा जातीय तनाव बढिरहेको समाचार प्राप्त भएका थिए।

धेरै मानिसहरू घरबारविहीन बनाइएका छन् र उच्चायुक्तको कार्यालय-नेपाल राज्यअधिकारीहरूले उनीहरूको मानवीय आवश्यकताको व्यवस्था गर्न तुरुन्त कदम चालून् भन्ने सिफारिस गर्दछ।

> “कानुन कार्यान्वयन गर्ने निकायले श्री खानको हत्याको अनुसन्धान गर्दै गर्दा हामी मानिसहरूलाई स्थानीय निकायहरूद्वारा लगाइएको कर्फ्युको पालना गर्न तथा धार्मिक स्थलहरूको सम्मान गर्न अपिल गर्दछौं। ठन्डा दिमाग आवश्यक छ; हिंसाले यस सङ्क्रमणकालमा दिगो शान्ति ल्याउने वास्तविक प्रयासहरूलाई केवल अवमूल्यन गर्दछ," उच्चायुक्तको कार्यालय-नेपालका प्रतिनिधि रिचर्ड बेनेटले भन्नुभयो।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, ext 321 or (+977) 98510 16922 (mobile), Website: http//:nepal.ohchr.org